**प्रेस बिज्ञप्ती**

**गैरआवासीय नेपाली संघ र युएन वुमनबीच लैगिंक समानता तथा महिला शसक्तीकरणमा सहकार्य ।**

सन् २०१४ अगष्ट ५ का दिन गैरआवासीय नेपाली संघ र युएन वुमनवीच एक सम्झौता पत्रमा हस्ताक्षर गरीएको छ । सो सम्झौता पत्रमा मुख्य रुपमा नेपाल भित्र र बाहिर रहेका महिलाहरुको हकहितलाई सम्बर्घन र प्रबर्घन गर्नु रहेको छ । यस सम्झौता पत्रमा उल्लेख भए अनुसार दुवै संस्थाले महिलाहरुको चेतना बृद्धि गरी जागरुप गराई लैगिंक समानता र महिला शसक्तिकरणलाई प्रबर्द्धन गर्ने छन् ।



दुवै संस्थाहरु महिलाहरुको आर्थिक शसक्तिकरणले उनिहरुको अधिकारलाई सुरक्षित गर्दै राष्ट्रको विकास तथा आर्थिक समृद्धिमा उल्लेखनिय टेवा पुराउनेमा विश्वस्त छन् । हरेक समाजिक परिवेशमा महिलाहरु भित्र रहेका विद्यमान क्षमतालाई अभिबृद्धि गरी उनिहरुको सहभागिताको लागि उपयुक्त वातावरण सहित योगदान तथा नेतृत्व गर्ने अवसरहरु प्रदान गरी पूँजी परिचालनमा महिलाहरुको पहुँच बृद्धि गरेमा लैगिंक समानता र अधिकारलाई सुरक्षित गर्न ठूलो सहयोग पुग्ने छ ।

गैरआवासीय नेपाली संघले व्यावसायिक क्षेत्रसंगको सहकार्यमा लैंगिक समानता तथा महिला हितका लागि प्रभावकारी रुपमा पूँजी परिचालन गर्न महत्वपूर्ण भूमिका खेल्न सक्दछ । महिला शसक्तिकरणको लागि पूँजी परिचालनमा संघले समन्वयात्मक भूमिका निर्वाह गरी महिलाहरुलाई समान अवसर प्रदान गर्न मद्दत गर्नेछ ।

युएन वुमनले महिला शसक्तिकरण विशेषज्ञहरु मार्फत लैगिंक समानता मैत्रि लगानीका अवसरहरुका बारेमा वकालत गर्नेछ । यी दुवै संस्थाहरुले वैदेशिक रोजगारमा रहेका महिला कामदारहरुले भोगेका चुनौतीहरुका बारेमा नेपाली ड्यासपोरालाई सूसूचित गर्दै उनिहरुले बिदेशमा आर्जेका ज्ञान र अनुभवको नेपालमा सदुपयोग गर्न प्रेरणादायी भूमिका निर्वाह गर्ने छन् ।

"नेपालले महिला जागरण तथा शक्तिकरणको लागि आफ्नो प्रतिबद्धतामा निरन्तरता व्यक्त गरेको छ । तैपनि निकै चुनौतिहरु बाँकि नै रहेका छन् । महिलाहरुलाई अझ धेरै उपयुक्त रोजगारीका अवसरहरु

सृजना गर्दै उनिहरुले नेपालको आर्थिक बिकासमा पुराएको योगदानको कदर गर्नु पर्दछ । हामीहरुले उपयुक्त कार्यक्रमहरु मार्फत उनिहरुको सहभागिता बृद्धि गर्न लगानीका अवसरहरु प्रदान गर्न सक्नु पर्दछ । युएन वुमन गैरआवासीय नेपाली संघसंगको यस सहकार्यलाई स्वागत गर्दै नेपालको प्राथमिकतामा सहकार्य गर्न चाहन्छ" – जियाद शेख, प्रतिनिधि, युएन वुमन नेपाल ।

"हामीलाई युएन वुमनसंग सहकार्य गर्न पाउँदा धेरै खुशी लागेको छ र लैगिंक समानता मैत्रि लगानी प्रति हामी प्रतिवद्ध छौं । व्यवसायीक क्षेत्रलाई प्रेरणा दिने बिज्ञका सुझावहरु तथा स्रोतले महिलाहरुको आर्थिक समृद्धिमा सहयोग पुग्नेमा संघ विश्वस्त रहेको छ र संघले आफ्नो क्षमता यसका लागि खर्चनेछ । हामीलाई आशा छ, हाम्रा साझोदारीले दिर्घकालिन रुपमा हामीलाई लैगिंक समानता मैत्रि लगानीका वातावरणहरु सृजना गर्न मद्दत गर्ने तथा महिला शसिक्तकरणमा ठूलो सहयोग पुर्‍याउने छ" – शेष घले, अध्यक्ष, गैरआवासीय नेपाली संघ ।

सन् २०१४ अगष्ट ५ का दिन एक सभ्झौता पत्रमा युएन वुमनका तर्फबाट जियाद शेख, प्रतिनिधि, युएन वुमन र गैरआवासीय नेपाली संघका तर्फबाट अध्यक्ष शेष घलेले हस्ताक्षर गर्नु भएको छ ।



गैरआवासीय नेपाली संघ सचिवालय,
काठमाण्डौं ।